# निर्णयहरु:

१. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८।०७९ स्वीकृत योजनाको सि. नं. १० मा व्यवस्था भए बमोजिम यस वर्षको चिसो मौसम शुरु भईसकेकोले शीतलहरबाट हुन सक्ने जोखिम एवं सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवम् प्रतिकार्य गर्ने सम्बन्धमा आकस्मिक योजना कार्यान्वयन गर्ने निकायहरुको भूमिका तथा जिम्मेवारी तपसिल बमोजिम तोक्ने निर्णय गरियो।

क . शितलहर आकस्मिक योजना कार्यान्वयन निकायको भूमिका तथा जिम्मेवारी

| क्र.स. | निकायको नाम | जिम्मेवार व्यक्ति | भूमिका तथा जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आवश्यकता अनुसार संघिय तथा प्रदेश स्तरमा सहयोगका लागि समन्वय गर्ने -आर्थिक, भौतिक, मानवीय स्रोत परिचालन गर्न।<br>▪ अति प्रभावित विपन्न नागरिकलाई न्यानो कपडा, कम्मल उपलब्ध गराउने तथा समन्वय गर्ने।<br>▪ डिभिजन वन कार्यालहरुसंग समन्वय गरी दाउरा बाल्ने व्यवस्था मिलाउने। |
| २ | जिल्ला समन्वय समितिको कार्यालय | जिल्ला समन्वय अधिकारी | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने-आर्थिक, भौतिक, मानवीय स्रोत परिचालन गर्न । |
| ३ | स्थानिय तहहरु | अध्यक्ष तथा कार्यकारी प्रमुख | ▪ नेतृत्वदायी भूमिका गर्दै विषयगत क्षेत्रसंग समन्वय गरी राहत कार्यमा सहयोग गर्ने, आवश्यकता अनुसार संघीय तथा प्रदेश स्तरमा स्तरमा सहयोगको लागि समन्वय गर्न-आर्थिक, मानवीय, भौतिक सहयोगको लागि , तथ्यांक संकलन तथा व्यवस्थापन गर्ने र स्थानीय तह अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई सक्रिय एवं तयारी हालतमा राख्ने।<br>▪ अति प्रभावित विपन्न नागरिकलाई न्यानो कपडा, कम्मल उपलब्ध गराउने । |
| ४ | सुरक्षा निकायहरु | प्रमुख | ▪ सुरक्षा व्यवस्थाको सुनिश्चितता कायम गर्ने, विषयगत समितिमा रही आवश्यक सहयोग गर्ने, राहत वितरणमा सहजीकरण गर्ने र आपतकालीन अवस्थामा उद्धार कार्यमा परिचालन हुने।<br>▪ अति प्रभावित विपन्न नागरिकहरुको पहिचान गरी प्रतिवेदन गर्ने। |
| ५ | राजनैतिक दलहरु | दलका प्रमुखहरु तथा प्रतिनिधिहरु | ▪ स्रोत संकलनमा सहयोग गर्ने, कार्यकर्ता तथा जनपरिचालन गर्ने, समाजमा आपसी सदभाव, भाईचारा र सहयोग कायम गर्ने र समन्वय गर्ने। |
| ६ | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (सक्रिय गर्नुपर्ने) | संयोजक | ▪ सूचना संकलन, समन्वय तथा सम्प्रेषण गर्ने, तथ्यांक व्यवस्थापन गर्ने। |
| ७ | नेपाल रेडक्रस सोसाईटी | सभापति | ▪ अति प्रभावित विपन्न नागरिकहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा कम्मल उपलब्ध गराउने।<br>▪ राहत तथा अस्थाई आवासको व्यवस्थापन गर्ने र आपतकालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने। |
| ८ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने, सम्बन्धित कार्यालयको आपतकालीन योजना निर्माण गर्ने, राहत वितरण कार्यको सहजीकरण गर्ने र सामाग्री जुटाउने कार्यलाई समन्वय गर्ने। |
| ९ | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ न्यानो कपडा तथा कम्मल जस्ता सामग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने, उपलब्ध गराउने र आवश्यक सहयोग प्रदान गर्ने। |
| १० | यातायात व्यवसायी संघ तथा प्रा.लि. | अध्यक्ष र प्रमुख | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र आवश्यकता अनुसार जनशक्ति उपलब्ध गराउने। |
| ११ | सञ्चार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ▪ सही सूचना संकलन, समन्वय, सम्प्रेषण गर्ने र सचेतनामूलक सूचना तथा समाचार सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गर्ने। |
| १२ | नागरिक समाज | संयोजक | ▪ राहत कार्यमा सहयोग तथा समन्वय गर्ने र मानवअधिकारको संरक्षण तथा प्रर्वद्धन गर्न सहयोग पुर्याउने। |
| १३ | पेशागत व्यवसायीहरु | अध्यक्ष | ▪ राहत संकलन, वितरण र उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने। |
| १४ | गै.स.स. महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानव स्रोत परिचालन गर्ने, गैससहरु बीच स्रोत साधन संकलन तथा सहयोग गर्न आवश्यक समन्वय गर्ने, क्षमता विकास तथा सहजीकरण कार्य गर्ने र जनचेतना अभिवृद्धि गर्ने । |
| १५ | कपिलवस्तु अस्पताल | प्रमुख | ▪ शितलहर एवं जाडोसमयमा हुने रोगव्याधि उपचारका लागि प्रयाप्त तयारी अवस्थामा रहने, लक्षण सहितका कोभिड १९ का संक्रमितहरुको जाँच,परीक्षण र उपचारको लागि उपलब्ध स्रोत साधनको अधिकतम व्यवस्था मिलाई तयारी अवस्थामा रहने र आवश्यकता अनुसार समन्वय गरी स्रोत जुटाउने तथा परिचालन गर्ने। |
| १६ | स्वस्थ्य कार्यालय | प्रमुख | ▪ कोभिड १९ समेतलाई मध्ये नजर राखी विषयगत क्षेत्रको अगुवा भूमिका निर्वाह गर्ने, जिल्ला स्थित स्वास्थ्य संस्थाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउदै सक्रिय राख्ने र स्रोत साधन जुटाउन समन्वय गर्ने। |

7.

ख प्रतिकार्य सम्बन्धी क्रियाकलापको विवरण:

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | क्षेत्राधिकार |
|---|---|---|---|
| १ | न्यानो कपडा संकलन | नगरपालिका र गाउँपालिकाहरु, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु साथै सरोकारवाला निकायहरु मार्फत न्यानो कपडा व्यवस्थापन, कम्मल लगायतका सामग्री बस्त्र संकलन तथा वितरण | आवश्यकता अनुसार जिल्लाको सबै स्थानीय तहहरुमा |
| २ | दाउरा संकलन | नगरपालिका तथा गाँउपालिकाहरु, जिल्ला डिभिजन वन कार्यालय सामुदायिक वन तथा सहयोगी संस्थाहरु | आवश्यकता अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| ३ | राहत वितरण | स्थानीय विपद् व्यवस्थापन, सम्बन्धित पालिकाहरु, जिल्ला प्रशासन कार्यालय, सुरक्षाकर्मीहरु,नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, उपशाखाहरु र उद्योग वाणिज्य संघ साथै अन्य सहयोगी संस्थाहरु | प्रभावित स्थान तथा समुदाय |
| ४ | एम्बुलेन्स सेवा | एम्बुलेन्स संचालक, स्थानीय निकाय, संघसंस्थाहरु तथा समितिहरु | जिल्ला भरी |
| ५ | स्वास्थ्य शिविर | कपिलवस्तु अस्पताल, स्वास्थ्य कार्यालय सम्बन्धित पालिकाहरु अर्न्तगतका स्वास्थ्य ईकाई र स्वास्थ्य सेवा प्रदायक संघ संस्थाहरु | प्रभावित क्षेत्रमा |
| ६ | विपद् सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपतकालीन कार्यसंञ्चालन केन्द्र, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय सञ्चार माध्यम | जिल्लाभर |
| ७ | सूचना व्यवस्थापन | जिल्ला आपतकालीन कार्य संञ्चालन केन्द्र, सम्बन्धित पालिकाहरु | जिल्लाभर |

२. कृषि ज्ञान केन्द्र, कपिलवस्तुको च.नं. ३३६ मिति २०७८।०९।०५ को पत्रानुसार कृष्णनगर नगरपालिका वडा नं.- ९ साविक बहादुरगंज -८ ख को कि.नं. १ क्षेत्रफल ८-१०-९ को जग्गाको चार किल्ला कृष्णनगर नगरपालिका ९ नं. वडा कार्यालय बहादुरगंज कपिलवस्तुको च.नं. ५५६ मिति २०७८।०९।०४ को पत्रबाट ४ किल्ला प्रमाणित भई आएकोले (पूर्व कि.नं. (३,२,६,७,१४८,१४९,१४६,१४७,७२,७३,२,९०,१०७,१०८ र १११) पश्चिम जमुनी गा.वि.स. वडा नं.-५ क सिमाना, उत्तर जमुनी गा.वि. स. वडा नं. ६ क सिमाना , दक्षिण कि.नं. १०९) " सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७१" अनुसार प्राप्त गर्ने प्रयोजनार्थ यस पूर्व मिति २०७८।०७।०८ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट समेत निर्णय भई सिफारिस गरिए बमोजिम नै उक्त जग्गा विपद् व्यवस्थापनका लागि आवश्यक नपर्ने हुँदा बागबानी स्रोत केन्द्र बनाउनका लागि सिफारिस गर्ने ।

३. जिल्लाभित्र विभिन्न क्षेत्रमा देखिएको झाडापखाला, हैंजाको फैलावट तथा सचेतना सम्बन्धमा स्वास्थ्य कार्यालयबाट बैठकमा जानकारी गराइयो । हैजा खोप २,५२,३६३ प्राप्त भएकोमा पहिलो डोज २,३१,००१ खुवाइएको । अब माघको पहिलो हप्तामा दोस्रो डोज खोप खुवाइने । ७,०३, ०४८ डोज खोप स्वीकृत भैसकेको जानकारी बैठकमा गराइयो ।

४. जिल्लामा कोभिड-१९ संक्रमित मध्ये १९ जना सक्रिय संक्रमित भएको । कपिलवस्तु अस्पतालमा कुनै पनि कोभिड-१९ का बिरामीहरु नरहेका । हालसम्म यस जिल्लामा २,८८,९२० जनालाई मोडर्ना बाहेकको पहिलो डोज खोप लगाई सकिएको । अहिलेसम्म १,४६,२८३ जनाले दुवै डोज खोप लगाइसकेको अवस्था छ ।लक्षित समूह मध्ये ३३% ले खोप लगाइसकेको । मोडर्ना खोप १२ देखि १८ उमेर समूहकालाई लगाउने कार्य जारी रहेको ।

५. मिति २०७८।०५।१२ गते देखि मिति २०७८।०९।०८ गते सम्म जिल्ला विपद् व्यवस्थापन समितिबाट विभिन्न व्यक्तिलाई उपलब्ध गराइएको राहत रकम जम्मा रु. १,२८,०००।- खर्चको अनुमोदन गरियो ।